# **प्रतिनिधि सभा सदस्य निर्वाचन तथा प्रदेश सभा सदस्य निर्वाचन (दोस्रो संशोधन) निर्देशिका, २०७४**

निर्वाचन आयोगबाट स्वीकृत मिति : २०७४।०७।२६

प्रतिनिधि सभा सदस्य निर्वाचन तथा प्रदेश सभा सदस्य निर्वाचन निर्देशिका, २०७४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ८० र प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ८० ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले यो निर्देशिका जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस निर्देशिकाको नाम "प्रतिनिधि सभा सदस्य निर्वाचन तथा प्रदेश सभा सदस्य निर्वाचन (दोस्रो संशोधन) निर्देशिका, २०७४" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **प्रतिनिधि सभा सदस्य निर्वाचन तथा प्रदेश सभा सदस्य निर्वाचन निर्देशिका, २०७४ को दफा ११६ मा संशोधन** : प्रतिनिधि सभा सदस्य निर्वाचन तथा प्रदेश सभा सदस्य निर्वाचन निर्देशिका, २०७४ (यस पछि "मूल निर्देशिका" भनिएको) को दफा ११६ को सट्टा देहायको दफा ११६ राखिएको छ :-

"११६. **मतपेटिका र मतदान सामग्री बुझाई भरपाई लिने** : (१) मतदान अधिकृतले सम्बन्धित मतदान केन्द्रबाट ल्याएका मतपेटिका, प्रयोग नभएका मतपत्र लगायतका खामबन्दी गरिएका कागजात, वितरण गर्न बाँकी रहेका मतदाता परिचयपत्र तथा निर्वाचन सम्बन्धी सम्पूर्ण सामग्रीको विवरण अनुसूची-६० बमोजिम दुई प्रति तयार गरी सम्बन्धित निर्वाचन अधिकृतलाई बुझाउनु पर्नेछ ।

(२) निर्वाचन अधिकृतले मतदान अधिकृतबाट निर्वाचन सामग्री बुझी लिएपछि मतदान अधिकृतले पेश गरेको उपदफा (१) बमोजिमको फाराममा सहीछाप गरी एक प्रति मतदान अधिकृतलाई फिर्ता दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम सामग्री बुझाउँदा मतदान अधिकृतले मतदातालाई बुझाउन बाँकी मतदाता परिचयपत्र, परिचयपत्र बुझाएको भरपाई, आफ्नो पोलबुक र मतदाताको तथ्याङ्क फाराम सिलबन्दी नगरी निर्वाचन अधिकृतलाई बुझाउनु पर्नेछ ।

(४) मतदान अधिकृतले बुझाएका रित्तो मतपेटिका, स्टाम्प प्याड, मत संकेत गर्ने स्वस्तिक छाप, पित्तलको स्वस्तिक छाप, स्केल, मतदाता परिचयपत्र, मतदाता परिचयपत्र बुझाएको भरपाई समेत निर्वाचन अधिकृतले निर्वाचन कार्यालयमा बुझाई दिनु पर्नेछ ।"

३. **मूल निर्देशिकाको दफा १३७ मा संशोधन** : मूल निर्देशिकाको दफा १३७ को उपदफा (१) को खण्ड (ढ) पछि देहायको खण्ड (ढ१) थपिएको छ :-

"(ढ१) समानुपातिक निर्वाचन प्रणाली बमोजिमको निर्वाचनको हकमा उम्मेदवारको बन्दसूची पेश नगरेको दलको निर्वाचन चिन्हमा मत सङ्केत गरिएको,"

४. **मूल निर्देशिकाको दफा १६४ मा संशोधन** : मूल निर्देशिकाको दफा १६४ को उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छ :-

"(१क) उपदफा (१) बमोजिमको स्वयंसेवकको नियुक्तिको ढाँचा अनुसूची-९०क. बमोजिम हुनेछ ।"

५. **मूल निर्देशिकाको अनुसूचीमा संशोधन** : मूल निर्देशिकाको,-

(१) अनुसूची-५६ को क्रमसङ्ख्या २. झिकिएको छ ।

(२) अनुसूची-६० र अनुसूची-६५ को सट्टा यसैसाथ संलग्न अनुसूची-६० र अनुसूची-६५ राखिएका छन् ।

(३) अनुसूची ९० पछि यसैसाथ संलग्न अनुसूची-९०क. थपिएको छ ।

निर्वाचन आयोग, नेपाल

“अनुसूची-६०

(दफा ११६ को उपदफा (१) सँग सम्बन्धित)

## मतदान अधिकृतले निर्वाचन अधिकृतलाई मतदान सामग्री बुझाएको विवरण

श्री मुख्य/निर्वाचन अधिकृत,
मुख्य/निर्वाचन अधिकृतको कार्यालय,
प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं..........
........................ जिल्ला

................. जिल्ला, प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं. ......र प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र नं.......अन्तर्गत........ गाउँपालिका/नगरपालिकाको वडा नं. ................ मा रहेको .............................मतदान केन्द्रमा मतदान अधिकृतको रुपमा खटिएकोमा मतदान कार्य सम्पन्न गरी सो मतदान केन्द्रसँग सम्बन्धित निम्न लिखित सामग्री बुझाउन उपस्थित भएको छु। संलग्न विवरण अनुसारका सामग्री बुझी लिई सोको भरपाई पाउन अनुरोध छ।

**सामग्रीको विवरण**

१. मतपत्र रहेका मतपेटिका :

(क) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभा सदस्य निर्वाचनमा प्रयोग भएको मतपेटिका (१) मा रहेको क्रमसंख्या ..........को सिलबन्दी मतपेटिका

१. सिल नं ...... २. सिल नं. ...... ३. सिल नं. ....
४. सिल नं ...... ५. सिल नं. ...... ६. सिल नं. ....

मतपत्र खसाउने प्वालमा सिलबन्दी गरेको सिल नं. .....................

(ख) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने प्रदेश सभा सदस्य निर्वाचनमा प्रयोग भएको मतपेटिका (२) मा रहेको क्रमसंख्या ..........को सिलबन्दी मतपेटिका

१. सिल नं ...... २. सिल नं. ...... ३. सिल नं. ....
४. सिल नं ...... ५. सिल नं. ...... ६. सिल नं. ....

मतपत्र खसाउने प्वालमा सिलबन्दी गरेको सिल नं. .....................

(ग) समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनमा प्रयोग भएको मतपेटिका (३) मा रहेको क्रमसंख्या ..........को सिलबन्दी मतपेटिका

१. सिल नं ...... २. सिल नं. ...... ३. सिल नं. ....
४. सिल नं ...... ५. सिल नं. ...... ६. सिल नं. ....

मतपत्र खसाउने प्वालमा सिलबन्दी गरेको सिल नं. .....................

(घ) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभा सदस्य निर्वाचनमा थप मतपेटिका प्रयोग भएको भए सो मतपेटिका (१ ख) मा रहेको क्रमसंख्या ..........को सिलबन्दी मतपेटिका

१. सिल नं ...... २. सिल नं. ...... ३. सिल नं. ....
४. सिल नं ...... ५. सिल नं. ...... ६. सिल नं. ....

मतपत्र खसाउने प्वालमा सिलबन्दी गरेको सिल नं. .....................

(ङ) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने प्रदेश सभा सदस्य निर्वाचनमा थप मतपेटिका प्रयोग भएको भए सो मतपेटिका (२ ख) मा रहेको क्रमसंख्या ..........को सिलबन्दी मतपेटिका

१. सिल नं ...... २. सिल नं. ...... ३. सिल नं. ....
४. सिल नं ...... ५. सिल नं. ...... ६. सिल नं. ....

मतपत्र खसाउने प्वालमा सिलबन्दी गरेको सिल नं. ....................

(च) समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनमा थप मतपेटिका प्रयोग भएको भए सो मतपेटिका (३ ख) मा रहेको क्रमसंख्या ..........को सिलबन्दी मतपेटिका

१. सिल नं ...... २. सिल नं. ...... ३. सिल नं. ....

४. सिल नं ...... ५. सिल नं. ...... ६. सिल नं. ....

मतपत्र खसाउने प्वालमा सिलबन्दी गरेको सिल नं. ....................

(मतपेटिकाको संख्या अनुसार विवरण थप्ने)

२. स्टाम्प प्याड ..............

३. मतसंकेत गर्ने रबरको स्वस्तिक छाप ........ पित्तलको स्वस्तिक छाप ..........

४. स्केल (संख्या) .......

५. मतदाताको नाम रुजू गरी रेजा (√) चिन्ह लगाएको मतदाता नामावली

६. मतपत्रको अधकट्टी सिलबन्दी खाम थान ...........

७. मतदान अधिकृतको सही नभएको (मतदानमा प्रयोग नभएका) मतपत्र रहेको सिलबन्दी खाम थान .......

(क) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभा सदस्य निर्वाचनको देहाय बमोजिमको मतपत्र रहेको सिलबन्दी खाम थान एक :-

(१) सि. नं .................देखि ................सम्मका थान..........

(२) सि. नं .................देखि ................सम्मका थान..........

(३) सि. नं .................देखि ................सम्मका थान..........

(४) सि. नं .................देखि ................सम्मका थान..........

(ख) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने प्रदेश सभा सदस्य निर्वाचनको देहाय बमोजिमको मतपत्र रहेको सिलबन्दी खाम थान एक :-

(१) सि. नं .................देखि ................सम्मका थान..........

(२) सि. नं .................देखि ................सम्मका थान..........

(३) सि. नं .................देखि ................सम्मका थान..........

(४) सि. नं .................देखि ................सम्मका थान..........

(ग) समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनको देहाय बमोजिमको मतपत्र रहेको सिलबन्दी खाम थान एक :-

(१) सि. नं .................देखि ................सम्मका थान..........

(२) सि. नं .................देखि ................सम्मका थान..........

(३) सि. नं .................देखि ................सम्मका थान..........

(४) सि. नं .................देखि ................सम्मका थान.........

८. मतदान अधिकृतको सही भएको तर मतदानमा प्रयोग नभएको मतपत्रको सिलबन्दी खाम थान ........

(क) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभा सदस्य निर्वाचनको देहाय बमोजिमको मतपत्र रहेको सिलबन्दी खाम थान एक :-

(१) सि. नं .................देखि ................सम्मका थान..........

(२) सि. नं .................देखि ................सम्मका थान..........

(ख) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने प्रदेश सभा सदस्य निर्वाचनको देहाय बमोजिमको मतपत्र रहेको सिलबन्दी खाम थान एक :-

(१) सि. नं .................देखि ................सम्मका थान..........

(२) सि. नं .................देखि ................सम्मका थान..........

(ग) समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनको देहाय बमोजिमको मतपत्र रहेको सिलबन्दी खाम थान एक :-

(१) सि. नं ……………..देखि ……………..सम्मका थान………

(२) सि. नं ……………..देखि ……………..सम्मका थान………

९. मतपेटिका बाहिर रहेको मतपत्रको सिलबन्दी खाम थान ………

१०. मतदाताले मतदान नगरी मतदान अधिकृतलाई फिर्ता दिएको मतपत्र रहेको सिलबन्दी खाम थान …….

११. विरोध गर्ने व्यक्ति र विरोध भएको मतदाताको सूची रहेको सिलबन्दी खाम थान …….

१२. विरोध सम्बन्धी निर्णय किताव थान……..

१३. धरौटी जफत गरेको रकम रु ……..

१४. निविदा मतपत्रको सिलबन्दी खाम थान…………..

१५. निविदा मतदान सम्वन्धी फारमहरुको सिलबन्दी खाम थान………………………

१६. फाराम नं. ……. बमोजिम मतपत्रको फाँटवारी

१७. पोलवुक थान …….

१८. वितरण गर्न बाँकी रहेका मतदाता परिचयपत्र थान………………

१९. मतदाता परिचयपत्र बुझाएको भर्पाइ थान…………………………

<u>मतदान अधिकृतको</u>,-

सहीछाप : ……………………

नाम : …………………..

मिति : …………………..

समय : …………………..

---

उपर्युक्त बमोजिमको सामग्री प्राप्त भयो ।

मिति : ……………………                                        …………………..

समय : …………………..                                        निर्वाचन अधिकृत

**<u>द्रष्टव्य</u>** : मतदान अधिकृतले यो अनुसूची बमोजिमको फाराम दुई प्रति तयार गरी निर्वाचन अधिकृत समक्ष पेश गर्नु पर्नेछ र निर्वाचन अधिकृतले उपर्युक्त बमोजिमको सामग्री रुजु गरी सहीछाप गरी एक प्रति सम्बन्धित मतदान अधिकृतलाई फिर्ता दिनु पर्नेछ ।

अनुसूची-६५
(दफा १२३ को उपदफा (१) सँग सम्बन्धित)

**निर्वाचन आयोग**
निर्वाचन अधिकृतको कार्यालय
प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं ...
(प्रदेश सभा निर्वाचन क्षेत्र नं.......)
.....जिल्ला

**पुनः मतदान हुने सूचना प्रकाशन गरेको मुचुल्का**

.................. जिल्ला, प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं...../प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र नं ... अन्तर्गत............ गाउँपालिका/नगरपालिकाको वडा नं......... स्थित........................ मतदान केन्द्रमा ................................ ........................................... .................................. कारणले मिति......................... को दिन......... बजे मतदान रद्द/स्थगित गरिएकोमा मिति....................... गते दिन........ बजेदेखि........ बजेसम्म पुनः मतदान हुने व्यहोराको सूचना निर्वाचन अधिकृतको कार्यालय/सम्बन्धित मतदान केन्द्रमा प्रकाशित गरिएको व्यहोरा ठीक साँचो हो भनी यो मुचुल्का गरिदियौं ।

**तपसिल**

१. उम्मेदवार/ निर्वाचन प्रतिनिधि/मतदान प्रतिनिधि श्री ................................
२. उम्मेदवार/ निर्वाचन प्रतिनिधि/मतदान प्रतिनिधि श्री ................................
३. उम्मेदवार/ निर्वाचन प्रतिनिधि/मतदान प्रतिनिधि श्री ................................
४. उम्मेदवार/ निर्वाचन प्रतिनिधि/मतदान प्रतिनिधि श्री ................................
५. उम्मेदवार/ निर्वाचन प्रतिनिधि/मतदान प्रतिनिधि श्री ................................
६. उम्मेदवार/ निर्वाचन प्रतिनिधि/मतदान प्रतिनिधि श्री ................................

| | नाम, थर | ठेगाना | सहीछाप |
|---|---|---|---|
| १. | श्री......................... | ......................... | ......................... |
| २. | श्री......................... | ......................... | ......................... |
| ३. | श्री......................... | ......................... | ......................... |

मुचुल्का गर्ने कर्मचारीको,-

मिति:
समय:
स्थान:

सहीछाप:
नाम, थर:
दर्जा:

..........................
निर्वाचन अधिकृत/मतदान अधिकृत

द्रष्टव्य : निर्वाचन अधिकृतको कार्यालयमा सूचना प्रकाशन गरिएको मुचुल्कामा निर्वाचन अधिकृतले र मतदान केन्द्रमा सूचना प्रकाशन गरिएको मुचुल्कामा सम्बन्धित मतदान केन्द्रमा खटिएको मतदान अधिकृतले सहीछाप गर्नु पर्नेछ ।

अनुसूची-९०क.

(दफा १६४ को उपदफा (१क) सँग सम्बन्धित)

**निर्वाचन आयोग**

निर्वाचन अधिकृतको कार्यालय

प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं ...

(प्रदेश सभा निर्वाचन क्षेत्र नं.......)

.....जिल्ला

........................मतदान केन्द्र

**विषय : स्वयंसेवक नियुक्ति ।**

श्री ................................................

................................................ ।

यस मतदान केन्द्रमा निर्वाचनको काममा सहयोग गर्न तपाईंलाई मिति २०७....../......./....... देखि मिति २०७....../......./....... सम्म स्वयंसेवकको रूपमा नियुक्त गरिएको छ ।

स्वतन्त्र र निष्पक्ष निर्वाचन गराउने सन्दर्भमा तपाईंले मतदान अधिकृतले खटाएको कार्य इमान्दारीपूर्वक सम्पादन गर्नु हुनेछ भन्ने अपेक्षा गरेको छु ।

मिति : २०७ ....../...../.....

......................

मतदान अधिकृत”

निर्वाचन आयोग, नेपाल